# अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि,२०८१

मा. मन्त्रीस्तरको निर्णयबाट स्वीकृतः
(मिति २०८१/०४/३०)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाह पथ काठमाडौं

# अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना**

नेपालको संविधान २०७२ धारा ३५(३) ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरेको छ। क्यान्सर रोगको भार वर्षेनी बढ्दै गएको तर उपचार गर्ने अस्पतालहरु सिमित भई उपचारमा जनताको पहूँच पर्याप्त हुन नसकेको अवस्था छ। तसर्थ, हाल काठमाडौं उपत्यका र भरतपुर चितवनमा सिमित रहेको क्यान्सर रोगको उपचार सेवालाई सातै प्रदेशमा विस्तार गर्न अत्यावश्यक भैसकेको छ। क्यान्सर उपचार सेवा संचालन गरीरहेका सङ्घीय अस्पतालहरुले सो सेवा नभएका प्रदेश स्थित कम्तिमा एक सङ्घीय/प्रादेशिक अस्पतालहरुमा क्यान्सर सेवा संचालन गर्न वान्छनीय भएकोले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिईएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

**उद्देश्य**

हाल संचालनमा रहेका सङ्घीय तहका क्यान्सर अस्पतालहरुबाट उपलब्ध जनशक्ति तथा साधन श्रोत एवं आवश्यकतानुसार थप समेत गरी सातै प्रदेशमा अवस्थित कम्तीमा एक सङ्घीय/प्रादेशिक अस्पतालहरुबाट क्यान्सर रोग उपचार र व्यवस्थापन गर्ने उद्देश्य अनुरुप यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "**अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि २०८१**" हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

**(क)** "**अस्पताल**" भन्नाले विस्तारित सेवाका लागि सहयोग गर्ने (क्यान्सर रोगको निदान, उपचार, पूर्स्थापिना र प्रशामक सेवा) दफा ३ मा उल्लेखित सङ्घीय अस्पतालहरुलाई सम्झनुपर्दछ।

**(ख)** "**सेवा**" भन्नाले क्यान्सर रोगको निदान र उपचारका लागि आवश्यक सेवाहरु (cancer screening, diagnosis, Chemotherapy, Radiotherapy surgery, Palliative care, referral, Counselling लगायतका सेवा) सम्झनुपर्छ।

**(ग)** "**बिस्तारित सेवा**" भन्नाले क्यान्सर रोगको उपचारको निमित्त अस्पतालहरुले बिस्तारित क्लनिक (Extended Clinic) वा शाखा स्थापना (Unit) को माध्यमबाट प्रदान गर्ने सेवालाई सम्झनुपर्दछ।

**(घ)** "**बिस्तारित क्लिनिक (Satellite Clinic)**" भन्नाले क्यान्सर रोग विशेषज्ञ सहित तोकिएको अस्पतालमा गई क्यान्सर रोगको उपचारको लागि निर्धारित समय तालिका बमोजिम प्रदान गर्ने सेवालाई सम्झनु पर्दछ।

**(ङ)** "**विस्तारित सेवा प्रदान गर्ने अस्पताल**" भन्नाले दफा ४ बमोजिम क्यान्सर उपचारको विस्तारित सेवा प्रदान गर्न तोकिएको अस्पताललाई सम्झनुपर्दछ।

**(च)** "**शाखा स्थापना (Unit)**" भन्नाले अस्पतालहरुले क्यान्सर रोगको उपचारको लागि तोकिएको अस्पतालमा छुट्टै शाखा स्थापना गरी प्रदान गरिने सेवा लाई सम्झनु पर्दछ।

(छ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## बिस्तारित सेवा प्रवाह

(३) **बिस्तारित सेवाको लागि विशेषज्ञ सहयोग गर्ने अस्पताल —** (१) यस कार्यविधि अनुसार देहाय बमोजिमका अस्पतालहरुले क्यान्सर रोगको निदान, उपचार, पूर्स्थापिना र प्रशामक सेवा प्रवाह गर्नेछन् —

(क) भक्तपुर क्यान्सर अस्पताल, दुधपाटी भक्तपुर

(ख) बि.पि कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवन

(ग) सुशील कोइराला प्रखर क्यान्सर अस्पाल, खजुरा बाँके

(२) उप-दफा (१) बमोजिमका अस्पतालहरुले विस्तारित सेवा प्रदान गर्ने अस्पतालमा विस्तारित क्लनिक (Extended Clinic) तथा शाखा स्थापना (Unit) को माध्यमबाट क्यान्सर रोगको लागि स्वास्थ्य सेवा प्रदान गर्नेछन्।

(४) **विस्तारित सेवा प्रदान गर्ने अस्पताल —** (१) यस कार्यविधिको दफा ३ बमोजिम तोकिएको अस्पतालहरुले देहाय बमोजिमका भित्र विस्तारित क्लनिक (Extended Clinic)को माध्यमबाट क्यान्सर सेवा प्रवाह गर्नु पर्नेछ —

(क) भक्तपुर क्यान्सर अस्पताल,दुधपाटी भक्तपुरको हकमा कोशी अस्पताल, बिराटनगर र नारायणी अस्पताल, बिरगंज

(घ) बि.पि कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनको हकमा पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, पोखरा ; सुर्खेत प्रादेशिक अस्पताल, सुर्खेत र सेती प्रादेशिक अस्पताल, धनगढी

## परिच्छेद-३

## विस्तारित सेवाको व्यवस्थापन

(५) **मन्त्रालयको काम कर्तव्य र अधिकार** — (१) यस कार्यविधि बमोजिम विस्तारित सेवा प्रदान गर्न मन्त्रालयको देहाय बमोजिमको काम कर्तव्य र अधिकार रहनेछ —

क) विस्तारित सेवा संचालनलाई गुणस्तरिय बनाउन आवश्यक कार्यविधि निर्माण गर्ने।

ख) आवश्यक परेको खण्डमा जनशक्तिको व्यवस्थापन गर्ने।

ग) पुर्वाधारको व्यवस्थापनमा सहजीकरण गर्ने।

घ) विस्तारित सेवा संचालनको अनुगमन गर्ने।

(६) **अस्पतालको काम कर्तव्य र अधिकार** — (१) यस कार्यविधि बमोजिम विस्तारित सेवा प्रदान गर्न अस्पतालको देहाय बमोजिमको काम कर्तव्य र अधिकार रहनेछ —

क) जनशक्तिको व्यवस्थापन गर्ने।

ख) पुर्वाधारको व्यवस्थापन गर्ने।

ग) विस्तारित सेवा संचालनको अनुगमन गर्ने र सोको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने।

(७) **<u>विस्तारित सेवा संचालन गर्ने अस्पतालको काम कर्तव्य र अधिकार</u>** — (१) यस कार्यविधि बमोजिम विस्तारित सेवा प्रदान गर्न विस्तारित सेवा संचालन गर्ने अस्पतालको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार रहनेछ —

क) विस्तारित सेवालाई व्यवस्थित बनाउन आवश्यक पर्ने स्वास्थ्य श्रोतको व्यवस्थापन गर्ने।

ख) विस्तारित सेवाको कार्यान्वयन सम्बन्धी कार्ययोजना बनाई लागु गर्ने।

ग) समितिले तयार गर्ने कार्यान्वयन सम्बन्धी कार्ययोजना र यसको प्रतिवेदन मन्त्रालयमा नियमित पेश गर्नु पर्नेछ।

घ) मन्त्रालयले समय समयमा दिने निर्देशन समितिले पालना गर्नुपर्नेछ।

(२) उप-दफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार पुरा गर्न विस्तारित सेवा संचालन गर्ने प्रत्येक अस्पतालमा देहाय बमोजिमको एक बिस्तारित क्यान्सर उपचार सेवा व्यवस्थापन समितिको गठन गर्नुपर्नेछ।

(क) अस्पताल प्रमुख — अध्यक्ष

(ख) अस्पताल प्रमुखले तोकेको क्यान्सर रोग सम्बन्धि विशेषज्ञ/ फिजिसियन- सदस्य

(ग) अस्पतालको प्रशासन प्रमुख — सदस्य

(घ) अस्पतालको नर्सिङ्ग प्रमुख — सदस्य

(ङ) चिकित्सक मध्येबाट अस्पताल प्रमुखद्धारा सिफारिस एक जना — सदस्य सचिव

(८) **<u>जनशक्तिको व्यवस्थापन</u>**–(१) यस कार्यविधि बमोजिम विस्तारित सेवा संचालन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन अस्पतालले देहाय बमोजिम गर्नेछ –

(क) अस्पतालको क्यान्सर रोग विभागमा कार्यरत चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी (ख) अस्पतालले आवश्यकतानुसार करारमा नियुक्ति गरिएका क्यान्सर रोगको विशेषज्ञ/ यस सम्बन्धी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरु

(ग) क्यान्सर रोगमा विशेषज्ञता हासिल गरेका छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीहरु

(घ) क्यान्सर रोगको उपचार सम्बन्धी तालिम दिईएका अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरु

(९) **स्रोत व्यवस्थापनः-** (१) यस कार्यविधि बमोजिम विस्तारित सेवा संचालन गर्न आवश्यक आर्थिक स्रोत व्यवस्थापन देहाय बमोजिम हुनेछ।

(क) विस्तारित सेवा सञ्चालन गर्ने अस्पतालमा विनियोजित बजेट

(ख) विस्तारित सेवामा विशेषज्ञ सहयोग गर्ने अस्पतालमा विनियोजित बजेट

(ग) आवश्यकतानुसार मन्त्रालयबाट उपलब्ध हुने थप बजेट

## <u>परिच्छेद-४</u>

## <u>विविध</u>

(१०) **<u>करारनामा गर्नु पर्ने</u>** — (१) यस कार्यविधि बमोजिम विस्तारित सेवा संचालन गर्न दफा ३ बमोजिमको अस्पताल र दफा ४ बमोजिमको विस्तरित सेवा संचालन गर्ने अस्पताल बिच करारनामा गरी सेवा संचालन गर्नुपर्नेछ ।

(११) **<u>अभिलेख, प्रतिवेदन तथा बार्षिक समिक्षा</u>** — (१) विस्तारित सेवा संचालनको अभिलेख व्यवस्थित रुपमा राखी मासिक रुपमा मन्त्रालयमा र Health Management Information System (HMIS) मार्फत प्रतिबेदन गर्नु पर्नेछ।

(१२) **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>** — (१) यस कार्यविधिको पालना गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयलाई उक्त बाधा अड्काउ फुकाउने अधिकार हुनेछ।